# भीमेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा

पत्र संख्या :
चलानी नं. :

बागमती प्रदेश, नेपाल
मितिः

## कृषि कार्यक्रममा सहभागी हुने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८३/०६/१३

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिलका कार्यक्रमहरू सञ्चालन गरिने भएकाले भीमेश्वर नगरपालिका स्थायी ठेगाना भएका इच्छुक कृषक/ कृषि फर्म/ कृषक समूह/ कृषि सहकारीहरूले यो सूचना प्रकाशन भएको मितिले १५ दिन (२०८३ असोज २८ गते) तोकिएका आवश्यक कागजातहरू सहित यस कार्यालयको कृषि विकास शाखामा निवेदन दर्ता गराउनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| क्र.सं. | कार्यक्रमको नाम | स्वीकृत बजेट | क्रियाकलाप | कार्यक्रम अनुदान | न्यूनतम मापदण्ड |
|---|---|---|---|---|---|
| १ | मौरीपालन प्रवर्धन तथा स्रोत केन्द्र स्थापना कार्यक्रम | रु. २ लाख | मौरीको घार, गोला तथा मौरीपालनका लागि आवश्यक सामग्री वितरण (घुम्टी, पञ्जा, धुवाँदानी, आधार चाका आदि) | ५० प्रतिशत | • कृषक समूह/कृषि सहकारी संस्थाहरूले निवेदन दर्ता गराउन सक्ने छन् । <br>• मौरीपालन गरिरहेका कृषक समूह/कृषि सहकारीलाई प्राथमिकता दिइनेछ । <br>• कम्तीमा समूह/सहकारीको २० घार गोलासहित मौरीपालन गरेको हुनुपर्नेछ । <br>• विगतमा कुनै पनि कार्यालयबाट अनुदान नलिएकालाई सहभागी गराइनेछ । |
| २ | फूलखेती उत्पादन तथा विस्तार कार्यक्रम | रु. १ लाख | फूलखेतीका लागि मल, बीउ, विषादी, कृषि औजार/उपकरण तथा आवश्यक सामग्रीहरू वितरण | ५० प्रतिशत | • कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्थाहरूले निवेदन दर्ता गराउन सक्ने छन् । <br>• फूलखेती गरिरहेकालाई प्राथमिकता दिइनेछ । <br>• विगतमा कुनै पनि कार्यालयबाट अनुदान नलिएकालाई सहभागी गराइनेछ । <br>• फूलखेती खुल्ला भए आधा रोपनीमा र टनेलमा भए १ वटा (६'×१०") हुनुपर्नेछ । |
| ३ | कृषि यन्त्र उपकरण सञ्चालन तथा मर्मत तालिम | रु. २ लाख | हातेट्र्याक्टर सञ्चालन तथा मर्मतसम्बन्धी तालिम गराउने | १०० प्रतिशत | • निवेदकको हातेट्र्याक्टर भएको हुनुपर्नेछ। <br>• यसअघि यस्तो प्रकृतिको तालिम नलिएको हुनुपर्नेछ। <br>• लेखपढ गर्न जान्ने हुनुपर्नेछ। |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | अकबरे खुर्सानी प्रवर्धन कार्यक्रम | रु. ४ लाख | अकबरे खुर्सानी खेतीसम्बन्धी आवश्यक सामग्री वितरण (मल, बीउ, विषादी, सिँचाइ, आइरन टनेल आदि) | ५० प्रतिशत | • कृषक/कृषि फार्म/कृषक समूह/कृषि सहकारी लि.हरूले निवेदन दर्ता गराउन सक्ने छन् । • अकबरे खुर्सानी खेती गरिरहेकालाई प्राथमिकता दिइनेछ । • यसअघि यस्तो प्रकृतिको कार्यक्रममा सहभागी नभएको हुनुपर्नेछ । • कम्तीमा १ रोपनीमा अकबरे खुर्सानी खेती गरिएको हुनुपर्नेछ । |

पेश गर्नुपर्ने आवश्यक कागजातहरूको विवरण:

१. माग निवेदन ।

२. नेपाली नागरिकताको प्रतिलिपि ।

३. जग्गाधनी पुर्जाको प्रतिलिपि (भाडामा भए भाडा सम्झौता पत्र)।

४. माग गर्ने कृषि फर्म/कृषक समूह/कृषि कम्पनी/कृषि सहकारी संस्थाको प्रमाणपत्रको प्रतिलिपि तथा समूह/सहकारी भएमा बैठकको निर्णयको प्रतिलिपि, गत आ.व को कर चुक्ताको प्रमाणपत्र र स्थायी लेखा नम्बर (PAN) को प्रमाणपत्रको प्रतिलिपि ।

५. सम्बन्धित वडाको सिफारिस प्रत्र ।

६. प्रचलित कानुन बमोजिम कालो सुचिमा नपरेको, बिगत १ वर्ष देखि संघ, प्रदेशबाट यस्तो प्रकृतिको कार्यक्रममा अनुदान नलिएको स्व घोषणा पत्र ।

यस सम्बन्धी थप जानकारीका लागि भिमेश्वोर नगरपालिकाको कृषि शाखाको मोवाइल न. ९८६४००२०७७, ९८४४०००६२८, ९८६१८४९२०९, ९८६११७८९३० सम्पर्क गर्नुहुन अनुरोध छ ।

८२/६/१२

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत